प्रदेश लोक सेवा आयोग

# सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)

## प्रदेश निजामती सेवाका पाँचौं तहका अप्राविधिक पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. ९८/२०८२-०८३** **मितिः- २०८२।११।२८**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ । प्रदेश निजामती सेवाका खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

| क्र. सं. | विज्ञापन नं | पद, सेवा, समूह | प्रदेश/ स्थानीय | विज्ञापनको किसिम | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | माग पद सङ्ख्या | पुनः विज्ञापन | जम्मा माग पद सङ्ख्या |
| १ | १०७/०८२-८३ | लेखापाल, प्रशासन, लेखा | प्रदेश | खुला | १ (एक) | - | १ (एक) |
| २ | १०८/०८२-८३ | वरिष्ठ प्रशासन सहायक, प्रशासन, सा.प्र. | प्रदेश | अपाङ्ग | - | १ (एक) | १ (एक) |

**परीक्षा कार्यक्रमः-** लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

**परीक्षाको किसिमः-** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)

**परीक्षा केन्द्रः-** धनगढी, कैलाली

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८२/१२/१८ सम्म र दोब्बर दस्तुर तिरी २०८२/१२/२५सम्म ।

**उम्मेदवारको उमेरको हदः-** २०८२/१२/१८ सम्म पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ । साथै सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन । तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

**दरखास्त दस्तुरः-** पाँचौं तहको हकमा दरखास्त दस्तुर रु. ४००/- आ.प्र., अन्तर तह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकका लागि २००/- र थप पत्रका लागि प्रति पत्र थप २००/- बुझाउनुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्, त्यसपछि बैंक छानी Online Payment छान्नुहोस् र तोकिएको वालेटहरू छानी Username, Password राखी भुक्तानी गर्नुहोस् ।

Offline Payment का लागि My Application मा गएर All Application मा Click गरेपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्, त्यसपछि तोकिएको बैंक छानी Offlline Payment छान्नुहोस् र Click here मा Click गरी Voucher Generate गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ । ***कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिनेछैन ।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ । तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ ।

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

### खुला तथा अन्तर तह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **वरिष्ठ प्रशासन सहायक, प्रशासन, सामान्य प्रशासनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण

२. **लेखापाल, प्रशासन, लेखाः** -मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण ।

***नोटः मिति २०७८।१।७ गतेभन्दा पहिला जारी माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा ( S.L.C.E) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र Cumulative Grade Point Average (C.G.P.A ) १.६ रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ ।***

### आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि सूचना

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन) ।

(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ ।

(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि रोजाइको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ । प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइने छैन ।

(छ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनोट भएका उम्मेदवारहरूले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ । साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ ।

(झ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ ।

### समावेशी समूह तर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ । उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

क) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीयतहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र पेश गर्नुपर्नेछ ।

### द्रष्टव्य

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधि भरमा एक पटक मात्र पाउनेछ ।

ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउनेछैन ।

ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि, तालिम, समकक्षता, व्यवसायिक दर्ता र अन्य योग्यता गणना गरिनेछैन ।

च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन ।

छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन ।

ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तर तह, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सो को १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

झ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

ञ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ । उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ ।

ट) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ ।

ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

ड) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ ।

ढ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ ।

ण) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम हुने ।

त) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**थप जानकारीका लागिः** ०९१-५२७६००

Website:- http://psc.sudurpashchim.gov.np E-mail: :- ppsc.p7@gmail.com

## प्रदेश निजामती सेवाका पाँचौं तहका प्राविधिक पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ९९/२०८२-०८३** **मितिः- २०८२।११।२८**

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पदपूर्ति गर्नु पर्ने भएकोले सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, ३७ र ३७क. बमोजिम हुने बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०१।०२ गते सम्ममा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । ज्येष्ठताको गणना सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९को दफा ३४,३७ र ३७क. बमोजिम हुनेछ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट https://psc.sudurpashchim.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्ट रूपमा भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोगको कार्यालयमा बुझाइसक्नुपर्नेछ । प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन ।

### उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः

१. सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र दफा ३० बमोजिम बढुवाका लागि अयोग्य नभएको हुनुपर्ने ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने ।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ । दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फाराम पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण पेश गर्नुपर्ने र सुदूरपश्चिम प्रदेश तहमा समायोजन भएको पत्र पेश गर्नुपर्ने ।

५. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३७ र ३७क बमोजिम र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका आधारहरू सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२ बमोजिम हुनेछ ।

६. बढुवाका लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९को दफा २९ बमोजिम हुनुपर्ने ।

७. बढुवा सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ र सुदूरपश्चिम प्रदेश निजामती सेवा नियमावली, २०८१ बमोजिम हुनेछ ।

८. स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरू अनिवार्य रूपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ ।

**क) ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | २३/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, जनरल | १ (एक) |
| २ | २४/०८२-८३ | सब इन्जिनियर, इन्जि, सिभिल स्यानिटरी | १ (एक) |
| ३ | २५/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, इरिगेसन | १ (एक) |
| ४ | २६/०८२-८३ | कृषि प्राविधिक, कृषि, कृषि प्रसार | १ (एक) |
| ५ | २७/०८२-८३ | बागवानी प्राविधिक, कृषि, बागवानी | १ (एक) |
| ६ | २८/०८२-८३ | बाली प्राविधिक, कृषि, बाली संरक्षण | १ (एक) |
| ७ | २९/०८२-८३ | प्राविधिक सहायक, कृषि, एग्री. इको. एण्ड एग्री. मार्केटिङ | १ (एक) |
| ८ | ३०/०८२-८३ | मत्स्य प्राविधिक, कृषि, मत्स्य | १ (एक) |
| ९ | ३१/०८२-८३ | पशु सेवा प्राविधिक, कृषि,ला.पो. एण्ड डे.डे | १ (एक) |
| १० | ३२/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | १ (एक) |
| ११ | ३३/०८२-८३ | रेन्जर, वन, ज.फ. | २ (दुई) |
| १२ | ३४/०८२-८३ | कम्प्युटर अपरेटर, विविध | १ (एक) |

**ख) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा**

| क्र.सं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|
| १ | ३५/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, जनरल | १ (एक) |
| २ | ३६/०८२-८३ | सब इन्जिनियर, इन्जि, सिभिल स्यानिटरी | १ (एक) |
| ३ | ३७/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, इरिगेसन | १ (एक) |
| ४ | ३८/०८२-८३ | कृषि प्राविधिक, कृषि, कृषि प्रसार | १ (एक) |
| ५ | ४९/०८२-८३ | बाली प्राविधिक, कृषि, बाली विकास | १ (एक) |
| ६ | ४०/०८२-८३ | बाली प्राविधिक, कृषि, बाली संरक्षण | १ (एक) |
| ७ | ४१/०८२-८३ | प्राविधिक सहायक, कृषि, एग्री. इको.एण्ड एग्री. मार्केटिङ | १ (एक) |
| ८ | ४२/०८२-८३ | मत्स्य प्राविधिक, कृषि, मत्स्य | १ (एक) |
| ९ | ४३/०८२-८३ | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | १ (एक) |
| १० | ४४/०८२-८३ | रेन्जर, वन, ज.फ. | २ (दुई) |
| ११ | ४५/०८२-८३ | कम्प्युटर अपरेटर, विविध | १ (एक) |

**दरखास्त दस्तुरः** पाँचौं तहका लागि रु. ४०० (चार सय रुपैयाँ)

**दरखास्त दस्तुर बुझाउने तरिकाः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१०००० मा बुझाउन सकिनेछ । वा https:// revenue.fcgo.gov.np/ पोर्टल लगइन गरी दिइएको निर्देशन अनुसार प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेशको कार्यालय कोड र राजस्व शीर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेश गर्नुपर्नेछ ।

**कार्यालय कोडः** २१०००७७०१७ (प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश)

**राजस्व शीर्षक नं.** १४२२४

## प्रदेश निजामती सेवाका पाँचौं तहका प्राविधिक पदहरूको आ.प्र., अन्तर तह, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १००/२०८२-०८३** **मितिः- २०८२।११।२८**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम प्रदेश निजामती सेवाका देहायका सेवा, समूह, उपसमूह र तहका पदको आ.प्र., अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ । प्रदेश निजामती सेवाका आ.प्र.,अन्तर तह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा एकीकृत रूपमा एकै पटक सञ्चालन हुनेछ र प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह | प्रदेश/ स्थानीय | विज्ञापनको किसिम | माग पद विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | माग पद सङ्ख्या | पुनः विज्ञापन | जम्मा माग पद सङ्ख्या |
| १ | ५५३/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, जनरल | प्रदेश | आ.प्र. | १ (एक) | | १ (एक) |
| | | सब-इन्जिनियर, इन्जि, सिभिल, इरिगेसन | प्रदेश | | १ (एक) | | १ (एक) |
| २ | ५५४/०८२-८३ | सब इन्जिनियर, इन्जि, सिभिल स्यानिटरी | प्रदेश | अन्तर तह | १ (एक) | | १ (एक) |
| ३ | ५५५/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, जनरल | प्रदेश | खुला | १ (एक) | | १ (एक) |
| | | सब इन्जिनियर, इन्जि, सिभिल स्यानिटरी | प्रदेश | | १ (एक) | | १ (एक) |
| | | सब-इन्जिनियर, इन्जि, सिभिल, इरिगेसन | प्रदेश | | १ (एक) | | १ (एक) |
| ४ | ५५६/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, जनरल | प्रदेश | दलित | | १ (एक) | १ (एक) |
| | | सब-इन्जिनियर, इन्जि, सिभिल, इरिगेसन | प्रदेश | | | १ (एक) | १ (एक) |
| ५ | ५५७/०८२-८३ | सब-इन्जिनियर, इन्जि, सिभिल, जनरल | प्रदेश | थारु/राना थारु | १ (एक) | | १ (एक) |
| | | सब इन्जिनियर, इन्जि, सिभिल स्यानिटरी | प्रदेश | | | १ (एक) | १ (एक) |
| | | सब-इन्जिनियर, इन्जि, सिभिल, इरिगेसन | प्रदेश | | १ (एक) | | १ (एक) |
| ६ | ५५८/०८२-८३ | सब इन्जिनियर, इन्जि, सिभिल स्यानिटरी | प्रदेश | आ.वि. खस आर्य | १ (एक) | | १ (एक) |
| ७ | ५५९/०८२-८३ | बागवानी प्राविधिक, कृषि, बागवानी | प्रदेश | आ.प्र. | १ (एक) | | १ (एक) |
| ८ | ५६०/०८२-८३ | कृषि प्राविधिक, कृषि, कृषि प्रसार | प्रदेश | खुला | १ (एक) | | १ (एक) |
| | | बागवानी प्राविधिक, कृषि, बागवानी | प्रदेश | | १ (एक) | | १ (एक) |
| | | बाली प्राविधिक, कृषि, बाली विकास | प्रदेश | | १ (एक) | | १ (एक) |
| | | बाली प्राविधिक, कृषि, बाली संरक्षण | प्रदेश | | १ (एक) | | १ (एक) |
| ९ | ५६१/०८२-८ | कृषि प्राविधिक, कृषि, कृषि प्रसार | प्रदेश | महिला | १ (एक) | | १ (एक) |
| | | बागवानी प्राविधिक, कृषि, बागवानी | प्रदेश | | १ (एक) | | १ (एक) |
| १० | ५६२/०८२-८ | पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे. | प्रदेश | खुला | १ (एक) | | १ (एक) |
| | | पशु स्वास्थय प्राविधिक,कृषि, भेटेरिनरी | प्रदेश | | १ (एक) | | १ (एक) |
| ११ | ५६३/०८२-८ | पशु सेवा प्राविधिक, कृषि,ला.पो.एण्ड डे.डे. | प्रदेश | महिला | १ (एक) | | १ (एक) |
| १२ | ५६४/०८२-८३ | रेन्जर, वन, ज.फ. | प्रदेश | आ.प्र. | १ (एक) | | १ (एक) |
| १३ | ५६५/०८२-८३ | रेन्जर, वन, ज.फ. | प्रदेश | अन्तर तह | १ (एक) | | १ (एक) |
| १४ | ५६६/०८२-८३ | रेन्जर, वन, ज.फ. | प्रदेश | खुला | २ (दुई) | | २ (दुई) |
| १५ | ५६७/०८२-८३ | रेन्जर, वन, ज.फ. | प्रदेश | महिला | १ (एक) | | १ (एक) |
| १६ | ५६८/०८२-८३ | रेन्जर, वन, ज.फ. | प्रदेश | पि.क्षे. | १ (एक) | | १ (एक) |
| १७ | ५६९/०८२-८३ | रेन्जर, वन, ज.फ. | प्रदेश | आ.ज. | १ (एक) | | १ (एक) |
| १८ | ५७०/०८२-८३ | स्टाफ नर्स, स्वास्थ्य, ज.न. | प्रदेश | खुला | २ (दुई) | | २ (दुई) |
| १९ | ५७१/०८२-८३ | स्टाफ नर्स, स्वास्थ्य,ज.न. | प्रदेश | दलित | १ (एक) | | १ (एक) |
| २० | ५७२/०८२-८३ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | प्रदेश | दलित | | १ (एक) | १ (एक) |
| २१ | ५७३/०८२-८३ | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | प्रदेश | थारु/राना थारु | १ (एक) | | १ (एक) |
| २२ | ५७४/०८२-८३ | कविराज, स्वास्थ्य, आर्युवेद, जनरल आयुर्वेद | प्रदेश | महिला | १ (एक) | | १ (एक) |
| २३ | ५७५/०८२-८३ | ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश | खुला | १ (एक) | | १ (एक) |
| २४ | ५७६/०८२-८३ | ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | प्रदेश | महिला | | १ (एक) | १ (एक) |

**परीक्षा कार्यक्रमः-** लिखित परीक्षा कार्यक्रम पछि प्रकाशन गरिनेछ ।

**परीक्षाको किसिमः-** लिखित परीक्षा, कम्प्युटर प्रयोगात्मक, सीप परीक्षण र अन्तर्वार्ता (पाठ्यक्रममा तोकिए बमोजिम)

**परीक्षा केन्द्रः-** धनगढी, कैलाली

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।

(बाँकी ११ पेजमा)

# निर्वाचन खर्च सार्वजनिक गर्न आग्रह

**वालिङ समाचारदाता**
*वालिङ (स्याङ्जा), फागुन २७ गते*

जिल्ला निर्वाचन कार्यालय स्याङ्जाले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ मा उम्मेदवारी दिएका सबै उम्मेदवारलाई आआफ्नो निर्वाचन खर्चको विवरण सार्वजनिक गर्न आग्रह गरेको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची–४१ मा तोकिएको ढाँचा अनुसार खर्च विवरण तयार गरी उम्मेदवार स्वयं वा प्रतिनिधिमार्फत तोकिएको समयभित्र पेस गर्न आग्रह गरिएको जिल्ला निर्वाचन अधिकारी श्रीराम थापाले जानकारी दिनुभयो। उहाँका अनुसार खर्च विवरण निर्वाचन आयोग, कान्तिपथ काठमाडौँ वा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउन सकिने छ।

दुई वटा निर्वाचन क्षेत्र रहेको स्याङ्जामा क्षेत्र नं. १ बाट एक स्वतन्त्रसहित ११ दलका १२ जना र क्षेत्र नं. २ मा दुई स्वतन्त्रसहित १० दलका १२ जना उम्मेदवार प्रतिस्पर्धामा रहनुभएको थियो। दुवै क्षेत्रमा प्रत्यक्ष तथा समानुपातिक मतगणना सकिएको छ।

# वडाध्यक्षको मृत्यु

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, फागुन २७ गते*

बिरुवा गाउँपालिका–८ का वडाध्यक्ष नवीनकुमार आलेको बुधबार मृत्यु भएको छ। आलेको आस्था अस्पताल पोखरामा उपचारको क्रममा मृत्यु भएको हो।

चार दिनअगाडि सामान्य बिरामी हुनुभएका आलेको मिर्गौला फेल भएको र सोही कारण मृत्यु भएको पालिका अध्यक्ष सूर्यबहादुर कुँवरले बताउनुभयो।

आले २०७९ को स्थानीय तहको निर्वाचनमा सोही वडाबाट अध्यक्षमा निर्वाचित हुनुभएको थियो।

आलेले निर्वाचनमा ६७९ मत प्राप्त गर्दै नेपली कांग्रेसका तिलबहादुर रानालाई १७१ मतले पराजित गर्नुभएको थियो। आलेले ६७९ मत प्राप्त गर्नुभएको थियो।

# साढे चार हजार मत बदर

**बागलुङ समाचारदाता**
*बागलुङ, फागुन २७ गते*



**दाङमा रहेको लुम्बिनी प्रदेश निर्वाचन कार्यालय ।**

दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा चार हजार ४५२ अर्थात् ४.६३ प्रतिशत मत बदर भएका छन्। निर्वाचनअघि गाउँ गाउँमा पुगेर मतदाता शिक्षा दिए पनि मत बदर नरोकिएको जिल्ला निर्वाचन कार्यालय बागलुङका निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले जानकारी दिनुभयो।

बागलुङ क्षेत्र नं. १ माभन्दा २ मा बढी मत बदर भएको छ। बागलुङ क्षेत्र नं. १ मा एक हजार ८७१ र क्षेत्र नं. २ मा दुई हजार ५८१ मत बदर भएको निर्वाचन अधिकारी रिजालले बताउनुभयो। क्षेत्र नं. १ मा ९८ हजार ४६ मतदाता रहेकामा ४८ हजार ९३२ मत खसेका थिए। त्यसमध्ये ४७ हजार ६१ मत सदर भएको छ। जुन ९६.१८ प्रतिशत हो।

क्षेत्र नं. २ मा ९५ हजार ३३५ मतदाता रहेकोमा ४७ हजार २०७ मत खसेको थियो। त्यसमध्ये ४४ हजार ६२६ मत सदर भएको छ। जुन ९४.५३ प्रतिशत हो। रिजालका अनुसार, मतपत्रमा गलत स्थानमा छाप लगाउने, एकभन्दा बढी चिह्नमा छाप लगाउने र खाली मतपत्र हाल्ने गरेको पाइएको छ।

## सोह्र उम्मेदवारको जमानत जफत

बागलुङ क्षेत्र नं. १ मा ११ जना उम्मेदवार चुनावी मैदानमा हुनुहुन्थ्यो। त्यसमध्ये आठ उम्मेदवारको जमानत जफत भएको छ। कुल सदर मतको १० प्रतिशत प्राप्त नगरेपछि जनआधार भएकै क्षेत्रमा राष्ट्रिय जनमोर्चा (राजमो) का उम्मेदवार कृष्ण अधिकारीको जमानत जफत भएको छ। नेकपा र राजमोले तालमेल गर्दा पनि जमानत नजोगिएपछि बागलुङमा राजमोको अस्तित्व जोगाउन चुनौती देखिएको छ।

बागलुङ १ मा राप्रपाका उम्मेदवार कल्याण विक्रम आचार्यले ५२३, श्रम संस्कृति पार्टीका लालबहादुर घर्तीले २५४, प्रगतिशील लोकतान्त्रिक पार्टीका चित्र सापकोटाले ६०, नेसनल रिपब्लिक नेपालका सहवीर थापाले ४८, मङ्गोल नेसनल अर्गनाइजेसनका गुमाकुमारी रानाले ४०, नेकपा (माओवादी) का टेकबहादुर केसीले ८० र नेपाल मानवतावादी पार्टीका भक्तबहादुर विकले २४ मत प्राप्त गर्नुभयो। यस्तै बागलुङ क्षेत्र नं. २ मा आठ जना उम्मेदवारको जमानत जफत भएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अञ्चल शाहीले २४०, प्रलोपाका पदमबहादुर कुँवरले ४२, मङ्गोल नेसनल अर्गनाइजेसनका जुनबहादुर थापामगरले २१, नेपाल मानवतावादी पार्टीका टेकबहादुर कामीले ७४, नेपाल रिपब्लिक नेपालका नरबहादुर बुढाले १९७, श्रम संस्कृति पार्टीका हर्कबहादुर बुढाले ५६०, नेकपा माओवादीका लोकेन्द्र घिमिरेले ७८ र जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्तीमगरले ३९० मत प्राप्त गर्नुभएको छ।

## २.४५ प्रतिशत बदर

**कास्की समाचारदाता**का अनुसार कास्कीमा चार हजार ६९८ मत बदर भएको छ। जिल्लाका तीन निर्वाचन क्षेत्रमा कुल एक लाख ९१ हजार ४२५ मत खसेकामा एक लाख ८६ हजार ७२७ मत सदर भएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार बदर मतको प्रतिशत २.४५ प्रतिशत छ। निर्वाचन कार्यालयका अनुसार कास्की–१ मा जम्मा ७१ हजार ८०६ मत खसेकामा ६९ हजार ९५४ मत सदर हुँदा एक हजार ८५२ मत बदर भयो।

यसै गरी क्षेत्र नं. २ मा ५३ हजार ३९५ मत खसेकामा ५२ हजार १८७ मत सदर हुँदा एक हजार २०८ मत बदर भयो। क्षेत्र नं. ३ मा ६६ हजार २२४ मत खसेको थियो। यस क्षेत्रमा ६४ हजार ५८६ मत सदर हुँदा जम्मा एक हजार ६३८ मत बदर भएको हो। निर्वाचन कार्यालयले धेरै मत बदर हुन नदिनका लागि फागुन ३ देखि १७ गतेसम्म जिल्लाका ७२ वटै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो।

## एघार हजार मत बदर

**तनहुँ समाचारदाता**का अनुसार तनहुँका दुई वटै निर्वाचन क्षेत्रमा गरी प्रत्यक्ष र समानुपातिक गरी झन्डै ११ हजार मत बदर भएको छ। कुल १० हजार ९९४ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ।

जिल्ला निर्वाचन अधिकारी विकास लम्सालका अनुसार कुल बदर मतमध्ये प्रत्यक्षतर्फ छ हजार २५२ र समानुपातिकतर्फ चार हजार ६८२ मत रहेको छ। निर्वाचन क्षेत्र नम्बर १ मा प्रत्यक्षतर्फ कुल ६८ हजार १४३ मत खसेकोमा ६५ हजार ४१९ मत सदर र दुई हजार ७३० मत बदर भएको छ। सोही क्षेत्रको समानुपातिकतर्फ ६९ हजार ६५५ मत खसेकोमा ६७ हजार ७१३ मत सदर भई एक हजार ९४२ मत बदर भएको छ।

यसै गरी निर्वाचन क्षेत्र नम्बर २ मा प्रत्यक्षतर्फ कुल ६६ हजार १०१ मत खसेकोमा ६२ हजार ५५७ मत सदर र तीन हजार ५२२ मत बदर भएको छ। क्षेत्र नम्बर २ को समानुपातिकतर्फ दुई हजार आठ सय मत बदर भएको छ।

लुम्बिनी प्रदेश

# समानुपातिकतर्फ रास्वपा पहिलो दल

**भैरहवा समाचारदाता**
*भैरहवा, फागुन २७ गते*

प्रतिनिधि सभा सदस्य निर्वाचन अन्तर्गत लुम्बिनी प्रदेशका १२ जिल्लामा समानुपातिक प्रणालीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सर्वाधिक मत ल्याउने दल बनेको छ। प्रदेशभरिका छ दलको मतपरिणाममा रास्वपा पहिलो, नेपाली कांग्रेस दोस्रो, एमाले तेस्रो, नेकपा चौथो, राप्रपा पाँचौँ र श्रम संस्कृति पार्टी छैटौँ स्थानमा देखिएका छन्।

१२ वटा जिल्ला रहेको प्रदेशमा २६ वटा निर्वाचन क्षेत्र रहेका छन्। त्यसमध्ये २१ क्षेत्रमा रास्वपाले जितेको छ भने कांग्रेस र नेकपाले दुई/दुई र एमालेले एक क्षेत्रमा जित निकालेका छन्। रोल्पा र रुकुमपूर्वमा नेकपा पहिलो दल बनेको भए पनि अन्य सबै जिल्लामा रास्वपा पहिलो दल बनेको छ।

समानुपातिकतर्फ लुम्बिनी प्रदेशमा रास्वपाले कुल नौ लाख २८ हजार ३५२ मत प्राप्त गरेको छ। दोस्रो ठुलो दल कांग्रेसले तीन लाख पाँच हजार ६८९, तेस्रो दल एमालेले दुई लाख ९६ हजार ५१३, चौथो दल नेकपाले एक लाख ५७ हजार ९७१ मत प्राप्त गरेका छन्। पाँचौँ दल राप्रपाले ८० हजार तीन र श्रम संस्कृति पार्टीले २३ हजार ५०३ मत पाएका छन्।

जिल्लागत विवरण अनुसार रुपन्देहीमा रास्वपाले दुई लाख ४२ हजार ४०२ मत पाएको छ। नेपाली कांग्रेसले ५१ हजार ९४९, एमालेले ५१ हजार ५९६, राप्रपाले २८ हजार ३०३, नेकपाले ११ हजार ३४८ र श्रम संस्कृति पार्टीले आठ हजार ३५६ मत प्राप्त गरेका छन्। गुल्मीमा रास्वपाले ५२ हजार ५२ मत पाएको छ। एमालेले २८ हजार ९०५, कांग्रेस २५ हजार ५५२, नेकपा पाँच हजार ७८६, राप्रपा एक हजार ८९ र श्रम संस्कृति पार्टीले ९३६ मत पाएका छन्।

अर्घाखाँचीमा रास्वपाले ३९ हजार ८५ मत ल्याएको छ। एमालेले २० हजार ४५१, कांग्रेस १७ हजार ६८१, नेकपा तीन हजार ९७७, राप्रपा ७२५ र श्रम संस्कृति पार्टीले ५७२ मत पाएका छन्। पश्चिम नवलपरासीमा रास्वपाले ९५ हजार ९७९, कांग्रेस २० हजार ३३४, एमाले १० हजार ७७४, राप्रपा सात हजार ५१७, नेकपा दुई हजार ९२१ र श्रम संस्कृति पार्टीले दुई हजार ७५ मत प्राप्त गरेका छन्।

पाल्पामा रास्वपाले ५० हजार ४५२, एमाले २४ हजार ९३७, कांग्रेस २४ हजार ६, नेकपा पाँच हजार २८६, श्रम संस्कृति पार्टी तीन हजार ५५८ र राप्रपाले एक हजार ३९९ मत पाएका छन्। कपिलवस्तुमा रास्वपाले एक लाख ५४९, कांग्रेसले ४६ हजार ३९१, एमाले २५ हजार ६२०, नेकपा २२ हजार ६३, राप्रपा १७ हजार ९७४ र श्रम संस्कृति पार्टीले एक हजार ४५८ मत पाएका छन्।

प्युठानमा रास्वपाले ३० हजार ७५२ मत पाएको छ। एमाले १६ हजार १९५, कांग्रेस १५ हजार २२६, नेकपा नौ हजार १८१, श्रम संस्कृति पार्टी ९५५ र राप्रपाले ६८५ मत प्राप्त गरेका छन्। रोल्पामा नेकपाले २५ हजार ६२ मत पाएको छ। रास्वपाले १३ हजार ६३८, कांग्रेस ११ हजार ४९९, एमालेले १० हजार नौ, राप्रपा ८८६ र श्रम संस्कृति पार्टीले ७८८ मत पाएका छन्।

रुकुमपूर्वमा नेकपाले नौ हजार ४४३, एमालेले तीन हजार ३२९, कांग्रेसले दुई हजार ८७०, रास्वपाले एक हजार ९७०, श्रम संस्कृति पार्टीले १७७ र राप्रपाले १५४ मत प्राप्त गरेका छन्। दाङमा रास्वपाले एक लाख ३१ हजार एक मत ल्याएको छ। कांग्रेस ४१ हजार ४४८, एमाले ३३ हजार ३५५, नेकपा २३ हजार ७८०, राप्रपा पाँच हजार ८९१ र श्रम संस्कृति पार्टीले दुई हजार ५६ मत पाएका छन्।

बर्दियामा रास्वपा ८० हजार ४४३, कांग्रेस ३१ हजार ६७७, नेकपा २५ हजार ९४८, एमाले २४ हजार २४०, राप्रपा चार हजार ४९३ र श्रम संस्कृति पार्टीले एक हजार ७७ मत पाएका छन्। बाँकेमा रास्वपा ९० हजार २९, एमाले ४७ हजार १०२, कांग्रेस ४० हजार ५६, नेकपा १३ हजार १६६, राप्रपा १० हजार ९१४ र श्रम संस्कृति पार्टीले एक हजार ४९५ मत प्राप्त गरेका छन्।

(१० पेजको बाँकी)



**दरखास्त दिने अन्तिम मितिः-** २०८२/१२/१८ सम्म र दोब्बर दस्तुर तिरी २०८२/१२/२५ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०८२/१२/१८ सम्म पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको साथै महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको र स्वास्थ्य सेवाको हकमा १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। साथै सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन। तर सम्बन्धित कार्यालयको कार्यालय प्रमुखबाट कार्यरत रहेको व्यहोरा प्रमाणित गराई पेश गर्नुपर्नेछ।

**दरखास्त दस्तुरः-** पाँचौँ तहको हकमा दरखास्त दस्तुर रु. ४००/- आ.प्र.,अन्तरतह र समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकका लागि २००/- र थप पत्रका लागि प्रति पत्र थप २००/- बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्। त्यसपछि बैंक छानी Online Payment छान्नुहोस् र तोकिएको वालेटहरू छानी Username, Password राखि भुक्तानी गर्नुहोस्।

Offline Payment का लागि My Application मा गएर All Application मा Click गरेपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्नुहोस्। त्यसपछि तोकिएको बैंक छानी Offlline Payment छान्नुहोस् र Click here मा Click गरी Voucher Generate गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ। ***कुनै पनि विज्ञापनमा एकपटक आवेदन दिइसकेपछि सोही विज्ञापनमा पुनः थप/घट गर्न वा दरखास्त सच्याउन सकिनेछैन।***

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरूः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेश नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ।

प्रदेश लोक सेवा आयोग (कार्यसंचालन) निर्देशिका (पहिलो संशोधन), २०८० को दफा १४ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोके बमोजिम

**सेवा, शर्त र सुविधाः-** प्रचलित कानूनले तोके बमोजिम हुनेछ।

**खुला तथा अन्तर तह प्रतियोगिताका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. **सब-इन्जिनियर, इन्जि., सिभिल, जनरलः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. **सब-इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. **सब-इन्जिनियर, इन्जि.,सिभिल, इरिगेसनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४. **कृषि प्राविधिक,कृषि, कृषि प्रसारः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान)उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
५. **बागवानी प्राविधिक, कृषि, वागवानीः-**मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान) उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
६. **बाली प्राविधिक, कृषि, बाली विकासः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषि विज्ञान)उत्तीर्ण वा एस.एल.सी./टी.एस.एल.सी.उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
७. **बाली प्राविधिक, कृषि, बाली संरक्षणः -** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (कृषिविज्ञान)उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी.उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. (कृषि विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (कृषि विज्ञान) कोर्ष उत्तीर्ण।
८. **पशु सेवा प्राविधिक, कृषि, ला.पो. एण्ड डे.डे.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in animal science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।
९. **पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आई. एस्सी. एग्री (पशु विज्ञान) उत्तीर्ण वा एस.एल.सी./ टी.एस.एल.सी उत्तीर्ण गरी न्यूनतम तीन वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in animal science) उत्तीर्ण वा जे.टी.ए. (पशु विज्ञान) कोर्ष अध्ययन गरी १ वर्षे जे.टी. (पशु विज्ञान) कोर्ष उत्तीर्ण।
१०. **रेञ्जर, वन, जनरल फरेष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेस्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
११. **स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१२. **पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न.:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१३. **कविराज, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेदः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१४. **ल्याब टेक्निसियन, स्वास्थ्य, मे.ल्या.टे, ज.मे.ल्या.टेः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।

***नोटः मिति २०७८ ।९ ।७ गते भन्दा पहिला जारी माध्यमिक शिक्षा उत्तिर्ण परीक्षा ( S.L.C.E) प्रमाणपत्रको हकमा कक्षा ११ र १२ का प्रत्येक विषयहरू (सैद्धान्तिक एवं प्रयोगात्मक) मा न्यूनतम D+ र Cumulative Grade Point Average (C.G.P.A ) १.६ रहेको शैक्षिक प्रमाणपत्रलाई मान्यता दिइनेछ।***

**आ.प्र., अन्तर तह, खुला तथा समावेशी परीक्षाका लागि सूचना**

(क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र ३० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
(ख) प्रदेश निजामती सेवाको आन्तरिक प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (७) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
(ग) प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगितातर्फ दरखास्त दिन सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ९ को उपदफा (८) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।
(घ) आन्तरिक, अन्तर तह, खुला र समावेशी तर्फको लिखित परीक्षा एकै मिति र समयमा हुनेछ (प्रत्येक सेवा/समूह र आन्तरिक, अन्तर तह, खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन)।
(ङ) आन्तरिक, अन्तर तह, खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ।
(च) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि रोजाइको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।
(छ) समावेशी समूहतर्फ लिखित परीक्षावाट छनोट भएका उम्मेदवारहरूले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
(ज) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(झ) सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

**समावेशी समूह तर्फका विज्ञापनमा दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

समावेशी समूह तर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुनसक्नेछ।

क) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।
ख) **थारु/राना थारुको हकमा** राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारु आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
ग) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** प्रचलित कानून बमोजिम गरिब परिचय पत्र प्राप्त गरको भए सो परिचयपत्र वा परिचय पत्र नभएको हकमा सम्बन्धित स्थानीय तहले कानून बमोजिम तोकिएभन्दा कम वार्षिक आय भएको विपन्न खस आर्य समुदायको व्यक्ति भनी प्रदान गरेको सिफारिस पेश गर्नुपर्नेछ।
घ) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात पेश गर्नुपर्नेछ।
ङ) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

**द्रष्टव्य**

क) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा (१०) को उपदफा (२) बमोजिम आरक्षणको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र पाउनेछ।
ख) सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ दफा १०क. मा समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्ता उम्मेदवारले दरखास्त दिन पाउनेछैन।
ग) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
घ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि, तालिम, समकक्षता, व्यवसायिक दर्ता र अन्य योग्यता गणना गरिनेछैन।
ङ) स्वास्थ्य सेवाका पदमा दरखास्त दिने उम्मेदवारहरू अनिवार्य रूपमा आफ्नो सेवा,समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।
च) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिनेछैन।
छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा निवेदन दिनुपर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।
ज) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, आन्तरिक, अन्तरतह, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरूको सक्कलका साथै सोको १/१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
झ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
ञ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।
ट) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ।
ठ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
ड) सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू प्रदेश लोक सेवा आयोग ऐन, नियमावली तथा निर्देशिका बमोजिम हुनेछ।
ढ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।
ण) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम हुने।
त) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।
थ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

**थप जानकारीका लागिः** ०९१-५२७६००
Website:- http://psc.sudurpashchim.gov.np E-mail: ppsc.p7@gmail.com